आज मिति २०७८/०१/०८ गते बुधवारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो ।

उपस्थिती:

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| | श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| | श्री ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| | श्री छिन नाम्ग्या गुरुङ | कार्यपालिका सदस्य |
| | श्री नविन कुमार गुरुङ | कार्यपालिका सदस्य |
| | श्री तेन्जिङ नाम्गेल गुरुङ | कार्यपालिका सदस्य |
| | श्री राप्के गुरुङ | कार्यपालिका सदस्य |
| | श्री साङ्गे छिरिङ गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुल कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री लक्ष्मी कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री देवी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुलमाया वि.क. | कार्यपालिका सदस्य |
| | श्री छिरीङ आङ्ग्याल गुरुङ | कार्यपालिका सदस्य |
| | **अन्य उपस्थिति** | |
| | | |
| | श्री सुदर्शन पौडेल | प्रशासन अधिकृत |
| | | |

प्रस्ताव तथा छलफलका विषयहरुः

१. सूचना प्रविधि अधिकृत पदपूर्ती/ परिक्षा समिति सम्बन्धमा ।

२. कोभिड १९ सम्बन्धमा ।

३. बजेट रकमान्तरण सम्बन्धमा ।

निर्णयहरूः-

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालयमा सूचना प्रविधि अधिकृत पदको पदपूर्तीको लागि रित पुर्वक परेको आवेदनको मुल्याङ्कन गरी प्रारम्भिक सूचि प्रकाशन (short list) गर्न एवं short-list मा समावेश भएका उम्मेद्वारहरुको छनौट प्रकृया र विधि (लिखित, मौखिक र प्रयोगात्मक आदी) चयन गरी उम्मेद्वारहरुको रित पुर्वक छनोट गरी करारमा नियुक्तिको लागि सिफारीश गर्न तपशिल बमोजिमका सदस्यहरु रहने गरी परिक्षा समिति चयन गर्ने निर्णय गरीयो ।

CamScanner

१) सुरेन्द्र थापा संयोजक (जिल्ला समन्वय अधिकारी, जि.स.स. मुस्ताङ)
२) टेकनाथ अधिकारी सदस्य (जिल्ला सरकारी वकिल कार्यालय प्रमुख, जि.स.व.का. मुस्ताङ)
३) ज्ञानेन्द्र शर्मा सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका)

नोटः परिक्षा समितिले आवश्यकता अनुसार विषय विज्ञ (सूचना प्रविधि सम्बन्धी) र समितिको काममा सहयोग गर्ने गरी कर्मचारीलाई आमन्त्रीत गर्न सक्नेछ ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ को दोस्रो लहरको प्रभाव नेपालमा पनी बढीरहेको अवस्थामा यस गाउँपालिकामा पनि सोको प्रभाव पर्न सक्ने विषयलाई मध्यनजर गर्दै यस गाउँपालिकाको पाण्डा खोला भन्ने स्थानमा स्वास्थ्य मापदण्ड बमोजिमका पक्षहरुको चेक जाँच गर्ने व्यवस्था मिलाउने निर्णय गरीयो । त्यसका लागी एकजना आवश्यक उपकरण सहित खटाउने र उक्त स्थानमा खटिने स्वास्थ्य कर्मीलाई यातायात एवं खाजा भत्ता वापत रु. ५०० प्रतिदिनका दरले भुक्तानी दिने भनि निर्णय गरीयो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आ.व. २०७७/७८ मा पत्रपत्रीका, छपाई तथा सूचना प्रकाशन खर्च ( शिर्षक नं. २२३१५) को लागि रु. ६०००००/- बजेट बिनियोजन भएकोमा सो रकम अपुग हुने देखिएको हुँदा सो शिर्षकमा रु. ६०००००/- आन्तरीक स्रोत (अ.ल्या. ) बाट , आउदो गाउँ सभाबाट अनुमोदन गर्ने गरी रकमान्तरण गर्ने निर्णय गरीयो ।